"समृद्ध समावेशी र सुखी बेनीघाट रोराङ आधार : कृषि शिक्षा स्वास्थ्य उद्योग सुशासन र पूर्वाधार"

# बेनीघाट रोराङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
विशालटार, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. २०८..../०८....
च.नं.

### कृषि विकास कार्यक्रमका लागि आवेदन माग सम्बन्धी सूचना।

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०७/१२ गते)*

यस बेनीघाट रोराङ गाउँपालिकामा आ.व. २०८२/८३ मा संघीय र प्रदेश सरकारबाट अनुदान मार्फत् प्राप्त तपसिलमा उल्लेखित कार्यक्रमहरू सम्बन्धित कार्यविधिमा उल्लेख भए अनुसार यस गाउँपालिकाका कृषक/कृषि सहकारी/फर्म/कम्पनी/समूहमा आवद्ध कृषकले तपसिल बमोजिमको आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मितिः २०८२/०७/२६ गते) भित्र रीतपूर्वक तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालय वा गा.पा. कृषि विकास शाखामा कार्यालय समयभित्र आवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल</u>

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन हुने क्षेत्र | अनुदान % | आवेदनको समयमा दाखिला गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| १ | हाते ट्र्याक्टर (५.५ HP, Diesel) | सबै वडा | ५०% अनुदान | १०,०००।– प्रति संख्या |
| २ | Knapsac स्प्रेयर (१६ लि.) | | ८०% अनुदान | २००।– प्रति संख्या |
| ३ | व्यवसायिक मौरी प्रवर्धन कार्यक्रम | सबै वडा (कम्तीमा २५ घार मौरी पालन गर्न सक्ने प्रतिबद्धता सहित) | ५०% अनुदान | ३,५००।– प्रति घार |
| ४ | कृषि बजार पूर्वाधार निर्माणका लागि सहयोग<br>-कृषि बजारको स्तरोन्नती<br>-कृषि थोक बजार निर्माण<br>-कृषि खुद्रा बजार निर्माण | वडा नं ३, ५,७, ९ | प्रदेश तथा स्थानीय तहमा हस्तान्तरित सशर्त अनुदान कार्यक्रम सञ्चालन | लाभग्राही छनोट भएपश्चात् पालिकाको खातामा रकम |

रामबाबु पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | -हाट बजार निर्माण | | कार्यविधि, २०८१ बमोजिम | दाखिला गर्नुपर्ने |
| ५ | आ.व. २०८२/८३ मा सुन्तलाजात फलफूल बालीको नयाँ पकेट विकास कार्यक्रम | सम्भावित क्षेत्र वडा नं. २, ६, ९ र १० का कृषक/समूह | परियोजना कार्यान्वयन म्यानुअल, २०७७ पहिलो संशोधन, २०८१ | |
| ६ | व्यावसायिक मौरी प्रवर्धन कार्यक्रम, बेनीघाट रोराङ गा.पा. ३ | वडा नं ३ क्षेत्र भित्रका कृषक/समूह/सहकारी | प्रदेश सरकारबाट हस्तान्तरित सर्शत अनुदान सम्बन्धी कार्यविधि अनुसार | ३,५००।- प्रति घार |
| ७ | मौरी प्रवर्धन कार्यक्रम, बेनीघाट रोराङ गा.पा. ६ | वडा नं ६ क्षेत्र भित्रका कृषक/समूह/सहकारी | | ३,५००।- प्रति घार |
| ८ | प्लाष्टिक पोखरी निर्माणमा प्लाष्टिक सहयोग | सबै वडाका कृषक/समूह/ सहकारी/फर्म | गाउँ सभाको निर्णयानुसार संरचना निर्माण पश्चात् प्लाष्टिक र हजारीमा १००% अनुदान | |
| ९ | प्लाष्टिक टनेल निर्माणमा प्लाष्टिक र हजारीमा सहयोग | सबै वडाका कृषक/समूह/ सहकारी/फर्म | | |
| १० | नर्सरी स्थापना तथा व्यवस्थापन कार्यक्रम | सबै वडाका कृषक/समूह/ सहकारी/फर्म | ८०% अनुदान | |
| ११ | सिताके च्याउ खेती कार्यक्रम | सबै वडाका कृषक/समूह/ सहकारी/फर्म | | |

रामबाबु पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १२ | ड्रागन फ्रुट बगैंचा स्थापना तथा व्यवस्थापन | सबै वडाका कृषक/समूह/ सहकारी/फर्म | | |
| १३ | आलु प्रवर्धन कार्यक्रम | सबै वडाका कृषक/समूह/ सहकारी/फर्म | | |

<u>आवश्यक कागजात तथा मापदण्ड</u>

१. माग निवेदन (स्थानीय तहको कृषि विकास शाखाबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को अनुसूची - १)

२. पछिल्लो आ.व. २०८१/८२ मा कुनै पनि अनुदान नलिएको स्व-घोषणा पत्र (स्थानीय तहको कृषि विकास शाखाबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को अनुसूची -४)

३. वडा कार्यालयको सिफारिस, नेपाली नागरिकताको छायाँप्रति, संरचना निर्माण गरिने कार्यक्रमका लागि जग्गाको लालपूर्जाको छायाँप्रति, जग्गा भाडाको हकमा १० बर्षका लागि जग्गा भाडा सम्झौताको छायाँप्रति, जग्गाको सम्पत्ति कर बुझाएको रसिदको छायाँप्रति

४. कृषक समूह/सहकारीको हकमा दर्ता-नवीकरण गरेको प्रमाण-पत्रको छायाँप्रति, स्थायी लेखा नम्बरको छायाँ प्रति, कर चुक्ताको छायाँप्रति, कार्यक्रम माग गरेको बैठकको निर्णयको छायाँप्रति

५. कृषि फर्म/कम्पनीको हकमा दर्ता-नवीकरण गरेको प्रमाण-पत्रको छायाँप्रति, स्थायी लेखा नम्बरको छायाँप्रति, कर चुक्ताको छायाँप्रति

६. सशर्त कार्यक्रम सञ्चालनको हकमा संघीय तथा प्रदेशबाट स्वीकृत कार्यविधि अनुसार अनुदान र क्रियाकलापहरु सोही बमोजिम कार्यान्वयन गरिनेछ।

७. अनुदान रकमको वापत लाभग्राहीले जम्मा गर्नु पर्ने रकम खरिद प्रकृयाबाट एकिन हुन आएको रकमका आधारमा तय हुनेछ। अग्रिम दाखिला भएको रकम साझेदारी गर्नु पर्ने भन्दा बढी हुन आएमा नियमानुसार सम्बन्धित लाभाग्राहीलाई फिर्ता गर्ने र नपूग भएमा सोही वमोजिम कृषकले व्यहोर्नु पर्ने छ।

८. विनियोजित बजेट भन्दा बढी माग भएमा वडा कार्यालयको सिफारिसको आधारमा लाभग्राही छनौट गरिनेछ।

रामबाबु पौडेल
प्रमुख प्रशासकीय अधिकृत

९. अनुदान आवेदन स्वीकृत भएको अवस्थामा माग बमोजिमको सामग्री नलगेको खण्डमा पालिकाको खातामा जम्मा भएको रकम फिर्ता हुने छैन।

.............................
(रामबावु पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ</u>

१. **सूचना प्रविधि शाखाः** सूचना पालिकाको वेबसाइट, फेसबुक पेज, तथा पालिका आवद्ध भएको सामाजिक सञ्जालमा तरुन्त अपलोड गरिदिनु हुन। साथै सबै वडा कार्यालयमा इमेल गरिदिनु हुन।

२. **श्री वडा कार्यालय (१-१०), बेनीघाट रोराङ गा.पा.** — सूचना पाटीमा सूचना टाँस गरी सरोकारवाला सबैमा यथासिघ्र जानकारी गराइदिनुहुन।

*पुनश्चः माथि उल्लेखित* अनुसूचीहरू पालिकाको वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ।
**थप जानकारीका लागि सम्पर्क नं.** ९८४७४३५४३५,९८४६७६७३७६, ९८४३८३०४२७, ९८४६६१५३५६

**अनुसूची - १**

**आवेदन - पत्र**

मितिः

श्री बेनीघाट रोराङ गाउँपालिका,
विशालटार, धादिङ।

**विषयः कार्यक्रममा समावेश गरीदिनुहुन।**

महोदय,

प्रस्तुत विषयमा मिति .............................. गते प्रकाशित सूचना ..........................कार्यक्रमका लागि दरखास्त माग भए बमोजिम ....................कार्यक्रममा सहभागी हुन इच्छुक छु/छौं। सूचनामा माग भए बमोजिमको आवश्यक कागजात राखी निवेदन पेस गर्दछु/गर्दछौं। साथै अनुदान आवेदन स्वीकृत भएको अवस्थामा माग बमोजिमको सामग्री नलगेको खण्डमा पालिकाको खातामा जम्मा भएको रकम फिर्ता गर्न दावि विरोध गर्ने छैन र अनुदान सहयोग प्राप्त भएमा शर्त अनुसार कार्य गर्ने प्रतिवद्धता समेत जाहेर गर्दछु/गर्दछौं।

**तपसिलः**

१. सम्बन्धित व्यक्तिको नेपाली नागरीकताको प्रतिलिपि,
२. कृषि फर्मको हकमा फर्म दर्ता, पान नं. दर्ता र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि,
३. चालू आ.व.मा सोही प्रकृतिका कार्यक्रमहरू सञ्चालनका लागि कुनै सरकारी निकायबाट अनुदान प्राप्त नगरेको अनुसूची - ४ बमोजिमको स्व-घोषणा पत्र,
४. कृषक समूह/ उपभोक्ता समिति/ सहकारीको हकमा प्रमाणपत्रको प्रतिलिपी, बैठक निर्णय प्रतिलिपि,
५. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा १० वर्षको करार सम्झौता पत्र,
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

**निवेदक**

नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

संस्थाको छापः

## अनुसूची — २

## प्रतिवद्धता पत्र

बेनीघाट रोराङ गाउँपालिकाको मिति ................ को सूचना अनुसार ................................ कार्यक्रम सञ्चालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेस गर्दछु/ गर्दछौं। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु/गर्नेछौं। कार्ययोजना अनुसारको कार्य नगरेमा बेनीघाट रोराङ गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/छौं। अन्यथा प्रचलित कानून बमोजिम सहुँला/ बुझाउँला। साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिवद्धता समेत व्यक्त गर्दछु/छौं।

<u>साझेदारको तर्फबाट</u>

नामः

दस्तखतः

मितिः

संस्थाको छापः

## अनुसूची — ४
## स्व - घोषणा पत्र

श्री बेनीघाट रोराङ गाउँपालिका
विशालटार, धादिङ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ............................ को सूचना अनुसार ...................................ले ............................कार्यक्रममा प्रस्ताव पेस गरेको हुँदा तपसिलका बुँदाहरूमा प्रतिवद्धता व्यक्त गर्दछु/छौं। यदि यस स्व-घोषणामा केहि झूठ पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं।

<u>तपसिलः</u>

१. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन।
२. कुनै सरकारी निकायको कालोसूचीमा परेको छैन।
३. चालू आ.व.मा सोही प्रकृतिका कार्यक्रमहरू सञ्चालनका लागि कुनै सरकारी निकायबाट अनुदान प्राप्त गरेको छैन।
४. प्राप्त अनुदानको हानी-नोक्सानी हुने कुनै कार्य गर्ने छैन। हानी-नोक्सानी भएको ठहरिएमा सरकारी बाँकी सरह असुल उपर गर्न वाधा पर्ने छैन।

<u>आवेदकको नाम</u>
पदः
ठेगानाः
उपभोक्ता समिति/समूह/सहकारी/कृषि फार्मको नामः
उपभोक्ता समिति/समूह/सहकारीको छापः
सम्पर्क नं.:

"समृद्ध समावेशी र सुखी बेनीघाट रोराङ आधार : कृषि शिक्षा स्वास्थ्य उद्योग सुशासन र पूर्वाधार"

# बेनीघाट रोराङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

विशालटार, धादिङ

बागमती प्रदेश, नेपाल

प.सं. २०८..../०८....

च.नं.

## सूचना ! सूचना ! सूचना !

मिति २०८२।०७।१२ गते प्रकाशित कृषि विकास कार्यक्रमका लागि आवेदन माग सम्बन्धी सूचनाको क.सं. ३, ६ र ७ मा रु. ३५००।- सेरेना मौरी, क्वीन गेट र स्ट्याण्ड सहितको प्रतिघार हुनुपर्नेमा अन्यथा भएको हुँदा सच्चाइएको बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः लाभग्राही कृषक प्रत्येकलाई एक/एक थान Bee Veil (टोपी) सहित उपलब्ध गराइनेछ।

.............................

रामबाबु पौडेल

प्रमुख प्रशासकीय अधिकृत